# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल


पत्र संख्याः ०७५।०७६
चलानी नं.: ६३५

मितिः २०७५।०५।१३

**विषय :- राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवस,२०७५ र राष्ट्रिय बाल दिवस,२०७५ मनाउने सम्बन्धमा ।**

**श्री आधारभूत विद्यालय र माध्यमिक विद्यालय, सबै**
**बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक ।**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७५।५।१३ गतेको निर्णयानुसार **"समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवम् दिगो शैक्षिक पूर्वाधार"** भन्ने नाराका साथ राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवस,२०७५ र राष्ट्रिय बाल दिवस,२०७५ लाई विभिन्न कार्यक्रम सहित आ-आफ्नो विद्यालयमा भव्यताका साथ मनाउनका लागि अनुरोध छ ।

**नगर स्तरिय कार्यक्रमः**

कार्यक्रमको नाम : **बक्तृत्वकला प्रतियोगिता**

बक्तृत्वकलाको विषय : **फोहरमैला व्यवस्थापनमा हाम्रो दयित्व**

**कार्यक्रमको स्वरुप :**

- बनेपा नगरपालिकाका सामुदायिक र संस्थागत माध्यामिक विद्यालयमा अध्ययनरत प्रत्येक विद्यालयका १/१ जना विद्यार्थीहरुलाई विद्यालयको पत्रको आधारमा कार्यक्रममा सहभागि गराईनेछ ।

- कार्यक्रम बनेपा नगरपालिको हलमा मिति २०७५ भाद्र २३ गते, बिहानको १०:०० बजे संचालन गरिनेछ । त्यस भन्दा अघि सबै सामुदायिक र संस्थागत माध्यामिक विद्यालयहरुले आ-आफ्नो विद्यालयमा उल्लेखित विषयमा बक्तृत्वकला प्रतियोगिता संचालन गरी प्रथम स्थान हासिल गरेका प्रतियोगिको नाम यस नगरपालिकामा पठाउनुपर्नेछ ।

-एक जना विद्यार्थीलाई सो विषयमा बोल्न ५ मिनेटको समय दिईनेछ ।

- प्रतियोगितामा प्रथम पुरस्कार रु.४,०००।-, द्वितय पुरस्कार रु.२,०००।-, तृतीय पुरस्कार रु.१,०००।- र प्रमाण-पत्र प्रदान गरिनेछ ।

..................
(शिवराज त्रिपाठी)
शिक्षा शाखा प्रमुख


फोन नं. :- प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com